# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०९।०४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

बैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौंका महानिर्देशक विश्वराज पाण्डे, शाखा अधिकृत कृति वल्लभ पौडेल र नायव सुव्वा खड्गबहादुर के.सीले का.म.न.पा स्थित म्यानपावर कम्पनीको कामकाज तथा बैंक खाता समेत विभागबाट रोक्का राखेको सम्बन्धमा कम्पनीको तर्फबाट सर्वोच्च अदालतमा मुद्धा दायर भइ अदालतबाट रोक्का फुकुवा गरि नियमानुसार काम गर्न दिनु भनि आदेश भइसकेको अवस्थामा समेत निज महानिर्देशक विश्वराज पाण्डे, शा.अ. कृति वल्लभ पौडेल र ना.सु. खड्गबहादुर के.सी. ले रोक्का फुकुवा नगरी विभिन्न बहानामा सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिइ गएको टोलीले निज शा.अ. कृति वल्लभ पौडेल र ना.सु. खड्गबहादुर के.सी.लाई घुस बापतको रु.१०,००,०००/- (दश लाख) लिइसकेको अवस्थामा र महानिर्देशक विश्वराज पाण्डेलाई अनुसन्धानको क्रममा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज राष्ट्रसेवकहरूलाई जनही बिगो रु.१०,००,०००/- (दश लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता